# अन्नपूर्ण गाँउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश नेपाल ।

मिति:२०७७।०८।२८

पत्र संख्या: ०७७।७८

चं नं ८३३

श्री वडा कार्यालयहरु सबै

अन्नपुर्ण गाँउपालिका म्याग्दी ।

विषयः सुरक्षित नागरिक आवास कार्यक्रमको लागि निवेदन संकलन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा आ व ०७७।७८ मा सुरक्षित नागरिक आवास कार्यक्रमको लागि निवेदन संकलन गर्न सुचना र निवेदनको नमुना यसै साथ संलग्न गरी पठाईएको छ ।उक्त सुचना तहाँ वडामा टाँसी प्रचार प्रसार गरी सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राहीहरुको संकलित निवेदन सहितका आवश्यक कागजात १० (दश) दिन भित्र यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

नविन सुवेदी

प्रमुख प्रशासकिय अधिकृत

नविन सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ:

श्री सुचना प्रविधि शाखा: पत्र Website मा अपलोड गरिदिनु हुन ।

अन्नपुर्ण गाँउपालिका

नं वडा कार्यालय

सुचना ।                    सुचना ।।                    सुचना ।।।

मितिः२०७७।०८।२८

संघिय आयोजना कार्यान्वयन ईकाई /सघन शहरी तथा भवन निर्माण आयोजना बाग्लुङको च न ७१ मिति २०७७।०८।२१ को पत्र तथा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।०८।१९ को निर्णय अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन २०७५ बमोजिम उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्ने, गरिबिको रेखामुनी रहेका, प्रकोपका कारण घरबार बिहिन भएका घर परिवारहरुको सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामान खरिदको लागि र गरिबिको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाइ जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी २०७५ (संसोधन सहित) को दफा १० (ख) अनुसार सम्बन्धित वडा कार्यालय मार्फत १० (दश) दिने सुचना जारी गर्ने निर्णय भएकोले यस वडा कार्यालयको क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले यस कार्यालयबाट निशुल्क निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र वडा कार्यालयमा बुझाउनको लागि सम्बन्धित सबैलाइ अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारबाही नहुने व्यहोरा समेत अनुरोध छ ।

वडा अध्यक्ष

आवश्यक कागजातहरुः

१) जग्गाधनी प्रमाण पुर्जा ।

२) घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण ।

३) बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण ।

४) विगत देखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

नोटः लक्षित वर्गको पहिचानको आधार लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन, ड्रम वा यस्तै प्रकृतिका आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीहरुबाट छाएको ।

## निशुल्क निवेदन

श्री अन्नपुर्ण गाँउपालिका

नं वडा कार्यालय।

मितिः

विषयः सुरक्षित नागरिक आवास निर्माण सम्बन्धमा ।

महोदय

उपरोक्त सम्बन्धमा सुरक्षीत नागरिक आवास कार्यक्रम अन्नतर्गत अन्नपुर्ण गाँउपालिकाको नं वडा कार्यालयबाट मिति मा प्रकाशित सुचना बमोजिम सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी (संसोधन सहित) २०७५ को परिच्छेद २ को दफा ३ र ४ को लक्षित वर्ग एवं लाभग्राहीहरुको छनौटका आधारहरु भित्र आफु पनि पर्ने भएकोले मेरो पनि घरको स्थलगत निरिक्षण गरी मेरो घर परिवारलाइ जस्तापाताको छानामुनी ल्याउने गरी बसोबासको व्यवस्था मिलाईदिनु हुन तपशिलका कागजातहरु यसै निवेदन साथ संलग्न गरी यो निवेदन पेश गरेकों छु । मैले पेश गरेको प्रमाणहरु सही छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझौला ।

तपशिलः

| सि न | संलग्न कागजातको विवरण | कैफियत | |
|---|---|---|---|
| | | छ | छैन |
| १ | नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा मतादाता परिचय पत्रको प्रतिलिपी | | |
| २ | लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला/आसवेसटस जस्ता आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको प्रमाणित प्रतिलिपी | | |
| ३ | गरिबिको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपी । | | |
| ४ | जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपी । | | |
| ५ | विगत देखि त्यस स्थानमा स्थाई बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपी । | | |
| ६ | प्रकोपको कारण घरबारबिहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपी | | |
| ७ | गरिबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानिय तहको सिफारिसको प्रमाणित प्रतिलिपी । | | |
| ८ | बिवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपी । | | |

निवेदकको सहीः

नाम थरः

बुबा/पति/पत्नीको नामः

बाजे/ससुराको नामः

जिल्लाः

गाँउपालिकाः

वडा नः

टोलः

सम्पर्क/मोबाइल नः

निवेदकको औठा छापः

| दाँया | बाँया |
|---|---|
| | |